सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

☎ +९७७-७१-४४०५५३
४४००७८

प.सं.:
च.नं.:

## सटर वहालमा लगाउने सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/०७**

यस नगरपालिकाको स्वामित्वमा रहेको वडा नं. १०, स्थित सालझण्डी ढोरपाटन बसपार्कमा खालि रहेका ९ वटा सटरहरु ठेक्का बढावढको प्रक्रिया द्वारा वहालमा लगाइने भएकोले इच्छुक व्यक्ति, फर्म तथा संघ संस्थाले देहायका विवरण र शर्तहरुको अधिनमा रहि रितपूर्वकको सिलवन्दी दरभाउपत्र १५ दिनभित्र पेश गर्न यो सूचना आह्वान गरिन्छ ।

**विवरण :**

| आय ठेक्का नम्वर | सटर नम्वर | कोठाको साईज | प्रति सटर/ प्रति महिना कायम भएको न्यूनतम भाडादर रु | कैफियत |
|---|---|---|---|---|
| ०१/२०८२/०८३ | १०, १६ र १८ | ९' ६"*२४' | ५८०० | |
| | १९ B | ९' ५" *२४' | ५६०० | |
| | ११ र २१ | ९'*१२' | २८०० | |
| | ८ र १५ | ७' ६"*२४' | ४८०० | |
| | १४ | १२' ६"*२४' | ७९०० | |

**देहाय:**

१. ईच्छुक दरभाउपत्रदाताले सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र राजश्व शाखाबाट दरभाउपत्र फारम रु. १००० फिर्ता नहुने गरि खरिद गरि १६ औं दिनको १२:३० बजे भित्र नगरपालिकामा दर्ता गरिसक्नुपर्नेछ दर्ता भएको दरभाउपत्र सोही दिन कार्यालयको प्रतिनिधिहरुको रोहवरमा दिनको २:३० बजे खोलिनेछ । दरभाउपत्र खोल्दा, दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उस्थिति नभए पनि सिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

२. दरभाउपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र फर्मको हकमा प्रोप्राइटरको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि तथा आ.व. २०८१।०८२ सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि वा म्याद थपको पत्र र स्थानीय तहमा दर्ता वा नविकरण भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ ।

अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

☎ +९७७-७१-४४०५५३
४४००७८

# सैनामैना नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प.सं.:
च.नं.:

३. दरभाउपत्र दाताले खाम बाहिर बायाँपट्टी आफनो नाम, ठेगाना, दायाँपट्टि कार्यालयको नाम स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ ।

४. कबोल रकम अंक र अक्षरमा स्पष्ट गरि लेखिएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ

५. दरभाउपत्र दिदा आफुले कबोल मासिक सटर भाडालाई वार्षिक रुपमा आउने रकमको २० प्रतिशतका दरले हुने धरौटी रकम यस कार्यालयको नाममा कृषि विकास बैंक पर्रोहा शाखामा रहेको धरौटी खाता हि.नं. ०४१४२०११४९२४४०१५ (ग-३) मा जम्मा गरी सोको सक्कल भौचर पेश गर्नुपर्नेछ साथै सटर भाडा स्वीकृत भएको व्यक्ति, फर्म र संस्थाले आफुले बुझाउनु पर्ने संपूर्ण रकम चुक्ता गरेपछि मात्र धरौटी रकम फिर्ता हुनेछ ।

६. सटर भाडा लिन चाहने व्यक्ति , फर्म वा संघ संस्थाले आफुले रोजेको सटर (कोठा) नम्वर दरभाउपत्र फारममा उल्लेख गर्नुपर्नेछ ।

७. दुई वा दुई भन्दा बढी व्यक्ति, फर्म वा संघ संस्थाले एउटै सटर नम्वर र समान बोलकबोल रकम उल्लेख भएमा गोला प्रथाद्धारा निर्णय गरिनेछ ।

८. भाडामा लिइएका सटरहरु प्रचलित कानुनले निषेध गरेका समानहरु भण्डारण तथा बेचविखन गर्न पाइने छैन ।

९. भाडामा लिइएका सटरको विद्युत, पानी र फोहोरमैलाको महशुल वहालमा लिनेले तिर्नु पर्नेछ ।

१०. सटरभाडा संझौता ४ (चार) वर्षको हुनेछ । सो अवधि पश्चात पुनः२ वर्षको म्याद थप हुन सक्ने छ । प्रत्येक २ वर्ष पछि नगरपालिकाको निर्णयअनुसार भाडा रकम वृद्धि हुन सक्नेछ ।

११. नगरपालिकाबाट सटरभाडाका लागि स्वीकृति पाएका व्यक्ति, फर्म वा संघ संस्थाले तेस्रो पक्षलाई भाडामा दिन पाउने छैन ।

१२.यस सूचनामा उल्लेख भएका विषय यसै बमोजिम, नभएका सैनामैना नगरपालिकाको व्यवसायिक भवन सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०७९ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. यस सम्वन्धी विस्तृत जानकारी कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत